# नेपाल शेयरबजार लगानीकर्ता संघको विधान २०८२

## प्रस्तावना

नेपाल राज्यभरका पूँजीबजार लगानीकर्ताहरुलाई संगठित गरी सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय कायम गरी, पूँजीबजार क्षेत्रको महत्व, व्यापकता र संवेदनशीलतालाई मध्यनजर राखी यस क्षेत्रलाई समय सापेक्ष गुणस्तरीय, भरपर्दो, व्यावसायिक, प्रतिस्पर्धी, जनमुखी र पारदर्शी बनाउन सम्बन्धित नियामक निकायहरुसंग समन्वय गर्ने तथा यस क्षेत्रका लगानीकर्ताहरुको हक हित संरक्षण गर्ने पवित्र उद्देश्यका साथ नेपाल शेयरबजार लगानीकर्ता संघ नामक संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान संस्था दर्ता ऐन २०३४ को अधीनमा रही तर्जुमा गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १. संस्थाको नाम :-

यस संस्थाको नाम "नेपाल शेयरबजार लगानीकर्ता संघ" रहनेछ । अंग्रेजीमा " **Nepal Sharemarket Investors Association** '' रहनेछ । छोटकरीमा नेपालीमा "नेशेलस" र अंग्रेजीमा **NSIA** रहनेछ ।

(१) संस्थाको कार्यालय रहने ठेगाना:- यस संस्थाको कार्यालय काठमाण्डौं जिल्ला काठमाडौं महानगरपालिका वडा न. ५ मा रहनेछ ।

(२) संस्थाको कार्यक्षेत्र:-

यस संस्थाको कार्यक्षेत्र काठमाडौं जिल्लाभर हुनेछ । आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल राज्य भित्र कार्य क्षेत्र विस्तार गरिनेछ ।

(३) प्रारम्भ:-

यो विधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

(४). संस्थाको अस्तित्व:-

यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित, गैर-राजनैतिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ । संस्थावाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

## २. परिभाषाः

(१) विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस विधानमा :-

(क) "विधान" भन्नाले नेपाल शेयरबजार लगानीकर्ता संघको विधानलाई जनाउँदछ ।

(ख) "संघ" भन्नाले नेपाल शेयरबजार लगानीकर्ता संघलाई जनाउँदछ ।

(ग) "समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।

(घ)"सभा" भन्नाले यस बिधान बमोजिम बसेको साधारण र विशेष साधारण सभालाई समेत जनाउछ ।

(ङ) ''पदाधिकारी'' भन्नाले संघका पदाधिकारीहरुलाई जनाउँदछ ।

(च) ''कार्यसमिति'' भन्नाले संघको कार्यसमिति जनाउँदछ ।

(छ) ''नियम'' ''बिनियम'' भन्नाले यस विधान अन्तरर्गत बन्ने नियम विनियमलाई जनाउँदछ ।

(ज) ''स्थानीय अधिकारी'' भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँदछ ।

(झ) ''तोकिएको वा तोकिए बमोजिम'' भन्नाले यो विधान र यस विधान अन्तरगत बनेका वियम विनियममा तोकिएको वा तोकिए बमोजिम जनाउँदछ ।

(ञ) ''ऐन'' भन्नाले संघ संस्था दर्ता ऐन २०३४ लाई जनाउँदछ ।

(ट) ''स्थानीय तह'' भन्नाले गाउपालिका, महानगरपालिका/उपमहानगरपालिका र नगरपालिका र जिल्ला समन्वय समिति लाई जनाउँदछ ।

(ठ) ''लगानीकर्ता'' भन्नाले धितोपत्र सम्बन्धी ऐन २०६३, वस्तु विनिमय बजार सम्बन्धी ऐन २०७४ लगाएतका कानूनको अधीनमा रही शेयर, म्यूचुवल फण्ड, डिबेन्चर, इन्भेष्टमेण्ट कम्पनी, भेञ्चर क्यापिटल, लगायतका पूँजीबजारका विभिन्न प्राथमिक तथा दोश्रो बजारमा कारोवार गर्ने प्राकृतिक तथा कानूनी व्यक्ति, परामर्श दिन, तालिम संचालन गर्न र सेवा प्रदान गर्न सम्बन्धित कार्यालयबाट इजाजतपत्र प्राप्त व्यक्ति, फर्म र कम्पनी समेतलाई जनाउँदछ ।

३. संस्थाको छाप र चिन्ह :- प्रचलित कानूनी ब्यबस्थाको प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूची १ बमोजिमको ढाँचामा हुनेछ तर संस्थाको नाम, छाप र चिन्ह पहिला दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधन प्रक्रियाद्धारा तुरुन्त संशोधन गरिनेछ ।

# परिच्छेद २
# उद्देश्य

## ४. संस्थाको उद्देश्य देहाय बमोजिम रहनेछ ।

१) यो संस्था मुनाफारहित, जनहितकारी सामाजिक, राष्ट्रिय संस्था हुनेछ ।

२) नेपालको शेयरबजारमा लगानी गरेका लगानीकर्ताहरुलाई सदस्य बनाई लगानीकर्ताहरुको हकहितको संरक्षणको लागि संगठित हुन सहयोग, सहजिकरण र समन्वय गर्ने ।

३) नेपालको पूँजीबजार विकासमा सघाउ पुऱ्याउन यस क्षेत्रका नियामक निकायहरु, यस सस्थाको उद्देश्यसंग मेलखाने अन्य सरकारी तथा गैर सरकारी संघसंस्था, स्थानीय तह लगायतसंग सहकार्य गरी प्रशिक्षण, अध्ययन, अनुसन्धान, सम्मेलन तथा जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।

४) नेपालको पूँजीबजार बिकास र बिस्तारका लागि तथा बजारमा प्रचलित विधि तथा प्रकृयालाई अझ बढी लगानीकर्ता हित मैत्री बनाउन यस क्षेत्रका नियामक निकायहरुलाई नीति निर्माणमा सहयोग गर्ने र यस्ता निकायहरुवाट माग भए बमोजिम राय सुझाव उपलब्ध गराउने ।

५) सम्वन्धित निकायको स्विकृति लिई शेयरबजार लगानीकर्ताहरुका लागि पूँजी बजार, वित्त बजार, धितोपत्र बजारसंग सम्वन्धित आधिकारिक तथ्यांक तथा सूचना संकलन, भण्डारण र बिश्लेष्ण गरी उक्त सूचनाहरु विद्युतिय प्रविधि वा बेवसाईट मार्फत लगानीकर्ताहरुको लागि सम्प्रेषण गर्ने ।

## ५. यस सस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः-

(१) यस संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ :-

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ । फर्निचर, कम्प्युटर र टेलिफोन जस्ता सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनका सेवाका सर्तहरु निर्धारण गर्नेछ ।

(घ) संस्थाका उद्देश्यहरु कार्यान्वयनको लागि आबश्यक पर्ने अन्य कार्यहरु गर्ने ।

# परिच्छेद ३
# सदस्यता

## ६. सदस्यहरुको बर्गीकरण :-

(१) यस संस्थाको देहाय बमोजिम ४ प्रकारका सदस्यहरुको वर्गीकरण गरिएको छ :

(क) साधारण सदस्य :-

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तरर्गत रही आवेदन गरेमा सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

(ख) संस्थापक सदस्य :-

यस संस्था दर्ता हुँदाको बखतका पदाधिकारी संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरुले साधारण वा आजीवन सदस्यता लिएर विधान बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

(ग) आजीवन सदस्य :-

संस्थाको बिकासको लागि बिशेष सहयोग/योगदान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तरर्गत आजीवन सदस्यता प्रदान गरिनेछ ।

(घ) मानार्थ सदस्य :-

नेपालको पूँजीबजार क्षेत्रमा विशेष योगदान गरेको वा कुनै किसिमले उपयुक्त ठहर गरेको बिशिष्ट समाजसेबी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

## ७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :-

(१) यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :
(क) नेपाली नागरिक भएको ।
(ख) १८ वर्ष पुरा गरेको ।
(ग) मानसिक सन्तुलन नगुमाएको ।
(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।
(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रृष्टाचारको अभियोगमा सजाय नपाएको ।
(च) धितोपत्र सम्बन्धी ऐन २०६३ र वस्तु विनिमय बजार सम्बन्धी ऐन २०७४ लगाएतका कानूनको अधीनमा रही नेपालको शेयर बजारमा कारोबार गर्न डिम्याट खाता खोली कारोबार संचालन गरेको ।

## ८. संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अबस्था :-

देहायको अबस्थामा कुनै पनि व्यक्ति संस्थाको सदस्यताको सदस्य पद प्राप्त गर्न सक्ने छैन वा वहाल रहनेछैन ।
(क) गैर नेपाली नागरिक ।
(ख) १८ वर्ष पुरा नगरेको ।
(ग) मानसिक संतुलन ठीक नभएको ।
(घ) सार्वजनिक सम्पति हिनामिना गरेको ठहरेको ।
(ङ) नैतिक पतन देखिने फौजदारी र भष्ट्राचारीको अभियोगमा सजाय पाएको ।
(च) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।
(छ) साहुको दामासाहीमा परेको ।
(ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते जालसाजी गरेको, धितोपत्र सम्बन्धी ऐन अनुसारको कसुर गरेको आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको तीन बर्ष ननाघेको ।
(झ) धितोपत्र तथा पूँजीबजारमा १ बर्ष लगातार लगानी/कारोबार गर्न छोडेको ।
(ञ) संस्थाको हित बिपरित काम गरेको भनी कार्यसमितिको दुई तिहाईले लगाएको आरोप साधारण सभाले पारित गरेमा ।

## ९. सदस्यताको समाप्तिः-

(१) देहायका अवस्थामा कुनै पनि ब्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैन ।

(क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।
(ख) साधारण सभाको ७५% को सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताब पारित गरेमा ।
(ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।
(घ) संस्थाको काम कारबाहीमा वेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।
(ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।
(च) सदस्यता शुल्क १ बर्षदेखि बुझाउन वा नवीकरण गर्न बाँकी भएमा ।
(छ) सदस्यको मृत्यु भएमा ।
(ज) संस्था विघटन भै खारेज भएमा ।
(झ) शेयर लगानी व्यवसाय छोडेमा वा कानूनले रोक लगाएमा ।
(ञ) बिना सूचना लगातार तीन पटक वैठकमा अनुपस्थित भएमा ।

(२) कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई, सफाई पेश गर्ने मनासिव मौका दिनेछ ।

## १०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :-

यस विधानको दफा ६ बमोजिमका सदस्यता प्राप्त गर्न तोकिएको शुल्क बुझाउँनु पर्नेछ ।

(१) साधारण सदस्य :

(क) साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क सहित रु.५०० (पाँच सय मात्र) र वार्षिक सदस्यता शुल्क बापत रु.१,०००।- (एक हजार) बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गरेपछि कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।
(ख) त्यस्ता साधारण सदस्यले वार्षिक नवीकरण शुल्क रु.१,०००।- (एक हजार) बुझाउनु पर्नेछ ।
(ग) साधारण सदस्यता प्राप्त गर्ने सदस्यले प्रत्येक बर्ष आर्थिक वर्ष समाप्त भएको असोज महिनाको मसान्त भित्र नवीकरण गराई सक्नु पर्नेछ । सो अवधिमा नवीकरण नगर्ने सदस्यहरुलाई पौष मसान्त सम्म २५ प्रतिशत र त्यसपछिको असार मसान्त सम्म ५० प्रतिशत थप रकम लिई निजहरुको सदस्यता नवीकरण गरिने छ ।
(घ) उपदफ (१) (क) बमोजिम असार मसान्त भित्र पनि सदस्यता नवीकरण नगर्ने सदस्यहरुको सदस्यता स्वतः रद्द हुनेछ ।
(ङ) उपदफा (१) (घ) बमोजिम रद्द भएको सदस्यता पुनः प्रवेश शुल्क समेत असुल गरी नवीकरण गर्न सकिनेछ ।
(च) सदस्यता वितरण सम्बन्धी थप व्यबस्था गर्नु परेमा कार्यसमितिले तोकेबमोजिम हुनेछ ।

(२) संस्थापक सदस्य :-

(क) यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् ।
(ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए अनुसारका सदस्यता लिनुपर्नेछ ।

(३) आजीवन सदस्य :-

संस्थामा एकमुष्ट रु.१०,०००।-(दश हजार) बुभाई तोकिएको प्रक्रिया अर्न्तगत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सकिने छ ।

(४) मानार्थ सदस्य :-

साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी, बिशिष्ट व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सकिने छ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

(५) कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सोको कारण सहितको जानकारी आवेदकलाई दिइने छ ।

(६) सबै सदस्यहरुले यस विधान र विधान अर्न्तगत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालाना गर्नु पर्ने छ ।

(७) संस्थाले प्रदान गरेको उपदफा १, २, ३, र ४ अनुसारको सदस्यको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका राखिने छ ।

(८) सदस्यता नवीकरण गर्दा सम्बन्धित कारोवार डिम्याटको अद्यावधिक छायाप्रति पेश गर्नुपर्नेछ ।

परिच्छेद ४

## साधारण सभा कार्य समिति तथा वैठक सम्बन्धी व्यवस्था

### ११. साधारण सभाको गठन :-

(१) यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु भएको संस्थाको एक साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

(२) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

(क) वार्षिक साधारण सभा : बर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ ।

(ख) विशेष साधारण सभा : संस्थाको कुल सदस्य संख्याको १/४ (एक चौचाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा कार्यसमितिले कम्तीमा ७ (सात) दिनभित्र अनिवार्य रुपमा बोलाउनु पर्नेछ । तर साधारण सभा वा विशेष साधारण सभा बसेको छ महिना भित्र पुनः साधारण सभा बस्न सक्ने छैन ।

(३) यस संस्थाको प्रथम बार्षिक साधारण सभा संस्था स्थापना भएको मितिले छ महिना भित्रमा गरिनेछ र त्यसपछिका बार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले ३ (तीन) महिना भित्र गरिने छ ।

(४) यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिनुपर्नेछ ।

(५) उप-दफा (४) बमोजिम बोलाएको साधारण सभा वा बिशेष साधारण सभामा विधानको दफा १८ बमोजिम गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिई पुन साधारण सभा बोलाईने छ ।

### १२. साधारण सभाको काम कर्तव्य र अधिकार :-

साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

(क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र बार्षिक बजेट पारित गर्ने ।
(ख) लेखा परीक्षकबाट प्राप्त भएको बार्षिक लेखा परीक्षण-प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखापरीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी पछ्यौट गर्नको लागि कार्यसमितिलाई निर्देशन दिने ।
(ग) आगामी बर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।
(घ) संस्थाको बार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यको मुल्यांङ्कन गरी कार्य समितिलाई आबश्यक निर्देशन दिने ।
(ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अबस्थामा कार्य समितिका पदाधिकारी हरुको विधान बमोजिमको प्रक्रिया अन्तरर्गत रही निर्बाचन गर्ने ।
(च) कार्य समितिद्धारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।
(छ) मानार्थ सदस्यता प्रदान गर्ने ।
(ज) कार्य समितिबाट संस्थाको हित अनुकुल भएको काम-कारबाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।
(झ) संस्थाको आफ्नै आन्तिरिक श्रोतबाट व्याहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक, भत्ता, तथा अन्य सुबिधाहरुमा आबश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

## १३. कार्य समितिको गठन

(१) साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमका पदाधिकारिहरु रहने १५(पन्ध्र) सदस्यको एक कार्य समिति गठन गरिनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| वरिष्ठ उपाध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| महासचिव | १ |
| सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्यहरु | ७ |
| जम्मा | १३ जना |

(२) कार्य समितिको कार्यकाल २ बर्षको हुनेछ र कुनैपनि पदाधिकारी एउटै पदमा लगातार दुई कार्यकाल भन्दा बढी पदमा रहने छैन ।
(३) बार्षिक साधारण सभा हुन भन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि कार्य समितिका सदस्यहरुको मनोनयन कार्य समितिद्धारा गर्न सकिने छ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकाल सम्मका लागि मात्र हुने छ तर अन्य पदहरुका लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्धारा पदपूर्ति गरिने छ ।
(४) कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ । तर कार्य समितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१% ले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।
(५) कार्य समितिका पदाधिकारीहरुको कुल संख्याको ५१% पदाधिकारीहरु उपस्थित नभै कार्य समितिको

बैठक बस्ने छैन ।

(६) कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्षले र वरिष्ठ उपाध्यक्ष पनि अनुपस्थित रहेमा उपाध्यक्षले वा उपस्थिति सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(७) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(८) कार्य समितिको बैठकमा छलफल भएको बिषयहरुको छुट्टै निर्णय किताबमा लेखी राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पुर्ण सदस्यहरुले सही गर्नु पर्ने छ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ ।

(९) संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य समितिको निर्णयबाट हुनेछ ।

(१०) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिने छ ।

(११) आवश्यकता अनुसार भर्चुवल माध्यमबाट पनि बैठक गर्न सकिने छ ।

## १४. कार्य समितिको काम कर्तव्य र अधिकार :

कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) संस्थाको आगामी बर्षको बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

(२) विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(३) संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने ।

(४) साधारण सभा प्रति उत्तरदायी रहने ।

(५) संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपयोग र प्रयोग गर्ने ।

(६) संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।

(७) संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने ।

(८) संस्थाका कर्मचारीहरुको सेवा शर्त र सुविधा आदी सम्बन्धित कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने ।

(९) संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समिति तथा अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गर्न सकिनेछ ।

(१०) संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

## १५. पद त्याग गर्न सक्ने :

अध्यक्षले वरिष्ठ उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र वरिष्ठ उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्नेछन् ।

## १६. अन्य समितिहरु :-

(१) यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता

अनुसार अन्य समिति वा उप समितिहरु गठन गर्न सक्ने छ तर साधारण सभा बैठकद्वारा अनुमोदन गराउनु पर्ने छ ।

(२) उप समितिहरुको कार्यहरु कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद ५

## पदाधिकारीहरुको काम कर्तव्य र अधिकार :

### १७. पदाधिकारीहरुको काम कर्तव्य र अधिकार :-

कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) अध्यक्षः

(क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।

(ख) निर्णायक मत दिने ।

(ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

(घ) संस्थाको नेतृत्व लिने ।

(ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन महासचिवलाई निर्देशन दिने ।

(च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

(छ) अभिलेख प्रमाणित गर्ने ।

(२) वरिष्ठ उपाध्यक्ष :

(क) अध्यक्षलाई सहयोग गर्ने ।

(ख) अध्यक्षले दिएको जिम्मेबारी पूरा गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

(३) उपाध्यक्ष :

(क) अध्यक्ष र बरीष्ठ उपाध्यक्षलाई सहयोग गर्ने ।

(ख) अध्यक्षले दिएको जिम्मेबारी पूरा गर्ने ।

(ग) बरिष्ठ उपाअध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

(४) महासचिव :

(क) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।

(ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।

(ग) अभिलेख सुरक्षित राख्ने ।

(घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

(५) सचिव :

(क) महासचिवको अनुपस्थितिमा निजको काम गर्ने ।

(ख) महासचिवले दिएको जिम्मेवारी पूरा गर्ने ।

(६) कोषाध्यक्ष :
(क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।
(ख) साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।
(ग) लेखा दुरुस्त राख्ने ।
(घ) नियमितरुपमा बार्षिक लेखापरीक्षण गराउँने ।

(७) सदस्य :
(क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।
(ख) संस्थाको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने ।
(ग) कार्यसमिति र पदाधिकारीले तोकिदिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

## १८. गणपूरक संख्या :-

(१) कुल सदस्य संख्याको दुई तिहाइ (६७ प्रतिशत) साधारण सदस्यहरु आफैं ठडढंवा प्रोक्सी मार्फत् उपस्थित नभै साधारण सभाको काम कारवाही संचालन हुने छैन ।
(२) तर बिधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कुल सदस्य संख्याको ५१% उपस्थित भएमा सभा संचालन गर्न बाधा पर्ने छैन ।
(३) दोश्रो पटक बोलाईएको साधारण सभामा कुल सदस्य संख्याको ५१% उपस्थित नभएमा तेश्रो पटक बोलाउँदा २५ प्रतिशत सदस्य मात्र उपस्थित भएपनि सभा संचालन गर्न बाधा पर्नेछैन ।

## परिच्छेद ६
## आर्थिक व्यवस्था

## १९. संस्थाको कोषः--

(१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन् :
(क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।
(ख) कसैले स्वेच्छाले दिएको अनुदान र सहायता वापत प्राप्त रकम ।
(ग) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।
(घ) संस्थाले गरेका रचनात्मक कामबाट प्राप्त रकम ।
(२) विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिंदाका वखत संस्थाले नेपाल सरकार, समाज कल्याण परिषद्बाट स्वीकृति लिईने छ ।
(३) संस्थामा प्राप्त रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

## २०. खाता सञ्चालन :-

संस्थाको बैंक खाता अध्यक्ष वा महासचिव मध्ये एक र कोषाध्यक्षको (अनिवार्य) गरी संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिने छ ।

## २१. कोषको रकम खर्च गर्ने तरिका :-

संस्थाको कोष जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिने छ ।

(क) संस्थाको बार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

(ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिने छ ।

(ग) कोषबाट रकम खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

(घ) कोषको रकम खर्च गर्दा कार्य समितिको निर्णय बमोजिम गर्नुपर्नेछ ।

## २२. संस्थाको लेखा र लेखापरीक्षण :-

(१) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिने छ ।

(२) संस्थाको लेखापरीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।

(४) लेखापरीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम बार्षिक साधारण सभा नभए सम्म लेखापरीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

(५) संस्थाको लेखापरीक्षण प्रतिवेदन र बार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जि.स.स. समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिने छ ।

# परिच्छेद ७

# निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

## २३. निर्वाचन सम्बन्धी व्यवस्था :-

(१) कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ (तीन) जनाको एक निर्वाचन समिति कार्यसमितिको सहमतिद्वारा गठन गरिनेछ ।

(२) निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

(३) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो लगाउन निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुने छ ।

(४) निर्वाचन समितिले उमेद्वारहरुको उमेद्वारी शुल्क तोक्न सक्ने छ ।

(५) निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

## २४. उमेदवार हुने योग्यताः

कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(क) दफा ६ बमोजिम सदस्य भएको ।

(ख) दफा ७ को योग्यता पुगेको ।

(ग) दफा ८ बमोजिम अयोग्य नभएको ।
(घ) तोकिएको समयमा सदस्यता नवीकरण गराएको ।

## २५. अविश्वासको प्रस्तावः-

(१) अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुर्‍याई संस्थामा दर्ता गर्नु पर्नेछ ।
(क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्दछ ।
(ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्दछ ।
(ग) साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई ) सदस्यहरुको प्रस्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्दछ ।
(२) उपदफा (१) बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति र समय समेत तोकी संस्थाको साधारण सभाका सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा समक्ष प्रस्तुत गर्ने छ ।
(३) अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रियाः-
(क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले सभामा उपदफा (१) बमोजिमको प्रस्ताब पेश गर्ने अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।
(ख) उपदफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्ना अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।
(ग) उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिनेछ ।
(४) अविश्वासको प्रस्तावमाथि निर्णयः-
(क) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने, व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।
(अ) अविश्वासको प्रस्ताव पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्टयाएर वा,
(आ) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।
(ख) साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई ) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पदमुक्त हुनेछन् ।
(ग) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुन अविश्वासको प्रस्ताव ल्याउन पाईने छैन ।

## २६. विधान संशोधन :-

कुल सदस्य संख्याको २/३ (दुई तिहाई ) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्ने छ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

## २७. विनियम बनाउने सक्ने :-

(१) संस्थाले आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ । सो विनियम साधारण सभाबाट पारित गराई लागु हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

(२) यो विधान र विधान अर्न्तगत बनेको विनियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्यनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

## २८. कर्मचारी व्यवस्था :-

(१) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्याक्रम सञ्चालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवाका शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## २९. संस्थाको खारेजीः-

(१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न  सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब गर्नको लागि एक वा एकभन्दा बढी लेखापरीक्षकहरु नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(४) यसरी कारणवश संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ ।

## ३०. व्याख्याः-

यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्यसमिति लाई हुनेछ ।

## ३१. गोप्यता भंग गर्न नहुने :-

यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लील शब्द प्रयोग गर्न पाईने छैन ।

## ३२. ऐन अनुसार हुने :-

यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र सस्था दर्ता ऐन, नियम र प्रचलित कानून सँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

३३. निर्देशनको पालना :-

नेपाल सरकार वा स्थानीय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

## ३४. तदर्थ समिति :-

(१) यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले संस्था दर्ता भएको ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउने छ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइने छ ।

(२) प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले निर्वाचन गराउने छ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइनेछ ।

३५. हामी नेपाल शेयरबजार लगानीकर्ता संघ का निम्न संस्थापकहरु विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहबरमा विधानमा सही छाप गर्दछौं ।

| संस्थापकको नाम, थर र ठेगाना | साक्षीको नाम, थर वतन र सहीछाप |
|---|---|
| १.नाम थरः केशव प्रसाद श्रेष्ठ<br>ठेगाना : जिल्लाः ललितपुर<br>नगरपालिका : ललितपुर म.न.पा.<br>वडा नं. २३ | १. नाम थरः सुजता श्रेष्ठ<br>ठेगाना : जिल्ला : गोरखा<br>नगरपालिका : भीमसेन थापा<br>वडा नं. ४ |
| २.नाम थरः किशोर पौडेल<br>ठेगाना : जिल्लाः काठमाण्डौं<br>महानगरपालिकाः का.म..न.पा.<br>वडा नं. ७ | २.नाम थरः अरुणा लामा<br>ठेगाना : जिल्ला : काभ्रेपलान्चोक<br>गाँउपालिका : कानपुर, कालापानी<br>वडा नं. ९ |
| ३. नाम थरः भगवान बहादुर राउत<br>ठेगाना : जिल्ला : चितवन<br>महानगरपालिका : भरतपुर<br>वडा नं. ६ | ३. नाम थरः सुरज बखुन्छे<br>ठेगाना : जिल्ला : भक्तपुर<br>नगरपालिका : दधिकोट<br>वडा नं. ७ |
| ४. नाम थरः खगेन्द्र राज कँडेल<br>ठेगानाः जिल्ला : काठमाण्डौं<br>महानगरपालिका : का.म.न.पा.<br>वडा नं. १३ | ४.नाम थरः सविना पौडेल<br>ठेगाना : जिल्ला : काठमाण्डौं<br>महानगरपालिका : का.म..न.पा.<br>वडा नं. ७ |
| ५. नाम थरः मछिन्द्र बस्नेत<br>ठेगाना : जिल्ला : नुवाकोट<br>नगरपालिका : विदुर<br>वडा नं. ९ | ५. नाम थरः सुधा गुरुङ्ग<br>ठेगाना : जिल्ला : चितवन<br>नगरपालिका : माडी, कल्याणपुर<br>वडा नं. ४ |
| ६. नाम थरः मीना भट्ट<br>ठेगाना : जिल्ला : गोरखा<br>नगरपालिका : मसेल<br>वडा नं. २ | ६. नाम थरः आर्या पौडेल<br>ठेगाना : जिल्ला : काठमाण्डौ<br>महानगरपालिका : कामनपा<br>वडा नं. ७ |

| | |
|---|---|
| ७. नाम थरः भुबन ढकाल<br>ठेगाना : जिल्ला : धादिङ्ग<br>गाउँपालिका : त्रिपुरासुन्दरी<br>वडा नं. ६ | ७. नाम थरः साश्वत पौडेल<br>ठेगाना : जिल्ला : काठमाण्डौ<br>महानगरपालिका : कामनपा<br>वडा नं. ७ |
| ८. नाम थरः सुदर्शन गौतम<br>ठेगाना : जिल्ला : काभ्रे<br>गाउँपालिका : सानो बाङथली<br>वडा नं. ३ | ८. नाम थरः सम्पदा श्रेष्ठ<br>ठेगाना : जिल्ला : ललितपुर<br>नगरपालिका : लमनपा<br>वडा नं.२३ |
| ९. नाम थरः अमृत कुमार क्षत्री<br>ठेगाना : जिल्ला : नवलपरासी<br>गाँउपालिका : स्वाँठी<br>वडा न. २ | ९. नाम थरः रमेश न्यौपाने<br>ठेगाना : जिल्ला : मोरङ्ग<br>गाँउपालिका : मृगौलिया<br>वडा नं. ७ |
| १०.नाम थरः ध्रुव प्रसाद खनाल<br>ठेगाना : जिल्ला : स्याङ्गजा<br>महानगरपालिका : गल्याङ्ग<br>वडा नं. १० | १०.नाम थरः स्मृति बलामी<br>ठेगाना : जिल्ला : मकवानपुर<br>उपमहानगरपालिका : हेटौडा<br>वडा न. १३ |
| ११.नाम थरः धनञ्जय पौडेल<br>ठेगाना : जिल्ला : कास्की<br>महानगरपालिका : पोखरा<br>वडा नं. १९ | ११. नाम थरः लक्ष्मी कँडेल<br>ठेगाना : जिल्ला : ललितपुर<br>महानगरपालिका : ललितपुर<br>वडा न. २३ |
| १२. नाम थरः विवेक श्रेष्ठ<br>ठेगाना : जिल्ला : तनहुँ<br>नगरपालिका : भानु<br>वडा नं. ९ | १२. नाम थरः यशोदा पाण्डे<br>ठेगाना : जिल्ला : स्याङ्गजा<br>नगरपालिका : वालिङ्ग<br>वडा न. ३ |
| १३. नाम थरः श्यामहरी सेंढाई<br>ठेगाना : जिल्ला : काठमाण्डौं<br>नगरपालिका : टोखा<br>वडा नं. ५ | १३. नाम थरः रामेश्वरी पौडेल<br>ठेगाना : जिल्ला : काठमाण्डौ<br>महानगरपालिका : कामनपा<br>वडा न. ७ |

## अनुसूची १

(दफा ३ संग सम्बन्धित)

## संस्थाको छाप र चिन्हको विवरण:

क) संस्थाको छाप र चिन्ह देहाय अनुसारको हुनेछ :

ख) संस्थाको छाप र चिन्हको व्याख्या देहाय बमोजिम हुनेछ :

पहिलो घेराको माथि गोलाकारमा "नेपाल शेयरबजार लगानीकर्ता संघ" र तल संघको ठेगाना "काठमाण्डौ" र बिच भागमा बढ्दो धितोपत्र बजारलाई संकेत गर्ने बारहरु जसले लगानीकर्ताको हित संरक्षण एवं अभिबृद्धि गर्ने संकेत गर्दछ र त्यसपछि तल्लो भागमा संस्था स्थापना भएको बर्ष २०८२ लेखिएको हुनेछ ।